# नेपाली साहित्यमा ऐतिहासिक उपन्यासको पृष्ठभूमि

*डिल्लीराम मिश्र*

नेपाली साहित्यिक फाँटका अनेकौं विधाहरूमध्ये उपन्यास झोपिलो, चोटिलो, गर्विलो र रोचकतापूर्ण विधा हो । साहित्य ञ्चोत्रका नाटक, कथा र निबन्ध विधाजस्तै उपन्यास पनि गद्य विधा हो । औपन्यासिक शृङ्खलामा ऐतिहासिक उपन्यास विधा भनेको एक उप(विधा हो, परन्तु मुल विधा होइन । ऐतिहासिक उपन्यासको विकासक्रम इतिहासका घटनापद्माबाट लिपिबद्ध भएको हो । साहित्यिक फाँटमा औपन्यासिक विधालाई एउटा पूर्ण विधा मानिन्छ । यसलाई स्रष्टाहरूले देश, काल, परिस्थित र परिवेशानुरूप घटनाक्रमका श्रृङ्खलाहरूलाई सम्प्रेषण गर्दै सरल, सरस, मिठो र रोचकतापूर्ण शैलीमा प्रस्तुत गर्दछन् । त्यसैले मूल उपन्यास मात्र हैन ऐतिहासिक उपन्यास लेखनको मूल आधार पृष्ठभूमि पनि सामाजिक र राजनीतिक परिवेश नै हो । फरक यति मात्र हो, ऐतिहासिक उपन्यासका फाँटमा स्रष्टाहरूले कलम चलाएँदा कसैले व्यक्ति विशेषको जीवनी वृत्तान्त र सीमित परिवेशलाई आत्मसात गरेका हुन्छन् भने कतिपयले व्यापक र समग्र घटनाक्रमलाई समेटेर आफ्नो विषयवस्तुमा कैद गर्दछन् । यो स्रष्टाहरूको आ(आफ्नो अध्ययन, ञ्चामता, खुवी र प्रतिभाको परिधिमा भरपर्दछ ।

नेपाली साहित्यमा ऐतिहासिक उपन्यास लेखनको पृष्ठभूमि र यसको मूल प्रभावको इतिहास खासै लामो रहेको तथ्य भेटिदैन । सामाजिक र राजनीतिक विषयवस्तु, परिवेश सम्बन्ध र तिनका अन्तर्द्वन्द्वले जुनसुकै समाजको परिवर्तन, फेरवदल र विकास गतिप्रतिको सोचनीय मोडमा महत्वपूर्ण गन्तव्य सङ्केत गरेको हुन्छ । यो यसको सुखद र संयोग पद्मा पनि हो । नेपाली साहित्यिक फाँटमा वस्तुवादी र यथार्थवादी जीवन दर्शनले हावाकावा उपन्यासहरू खोज्न अझै पनि औंलामा गन्न सकिने स्थिति विद्यमान छँदैछ । परिवर्तन र प्रगति कदापि मनचिन्ते तथ्य हैन जुन खोजेर र रोजेर मात्रै पनि प्राप्त गर्न सम्भव छैन । इतिहासका घटनाक्रम स्वरूपबाट उत्पन्न देश, काल र परिस्थितिको साँचोलाई साहित्यिक ढाँचा शैलीमा प्रस्तुत गर्नु नै ऐतिहासिक उपन्यास लेखनको आधार र आरम्भ विन्दु पनि हो । नेपाली जनजीवनको सत्यताभित्र जीवन दर्शन र इतिहास पद्मालाई एकैसाथ मार्मिक अभिव्यञ्जना दिनमा नेपाली औपन्यासिक पृष्ठभूमिमा तत्कालीन नेपालका जनताको अजान र आश्चर्य देखाउने तरीकालाई उल्लेखनीय मान्नु पर्दछ । त्यसैले पनि नेपाली साहित्यका आधुनिक र पौराणिक विधाहरूमा उपन्यास विधा सर्वप्रिय र लोकप्रिय भएको कारण यही नै हो । उपन्यास ञ्चैत्र एउटा महानदी हो र यसलाई समाजमा व्यापक र विस्तृत रूपमा प्रस्तुत गर्दा स्रष्टाहरूद्वारा उपन्यासको सिर्जना गर्नुपर्ने परिवेश र परिस्थिति उत्पन्न हुन्छ ।

उपन्यास काल्पनिकतामा आधारित विधा भएर पनि ऐतिहासिक उपन्यासको गन्तव्य भने बढी यथार्थवादी र वस्तुवादी रूपमा उभिएको हुन्छ । कतिपय स्रस्टाहरूले ऐतिहासिक विषय वस्तुलाई काल्पनिकतामा ढालेर प्रस्तुत गरेका हुन्छन् भने कतिले इतिहासकै तथ्यपरक खाकाभित्र ऐतिहासिक उपन्यासको झाँकी प्रस्तुत गर्न उद्दता निभाएका छन् । उपन्यास वैचारिक द्वन्द्वबोधबाट जन्मिएको विद्या हो र यसले घटनाक्रमहरूको तादात्म्यलाई पनि सहजै स्वीकार गरेको हुन्छ । मानव समाजमा घटेका जल्दाबल्दा घटनाक्रमहरूलाई यथार्थ र तथ्यपरक भएर प्रस्तुत गरिएको ऐतिहासिक उपन्यासले समाजमा राम्रै प्रभाव पारेको हुन्छ भने यसको विपरीत चिन्तनले नकारात्मक असर पार्दछ । सामाजिक, साँस्कृतिक र राजनीतिक परिवर्तनको प्रवृत्ति र त्यसको गहिराइ पत्ता लगाएर समाजमा रहेका वस्तुगत अन्तर्पीडाबोधको व्याख्या गर्न अगाडि बढ्नु पर्दछ, जुन ऐतिहासिक उपन्यासकारहरूको वाचा पनि हो । नेपाली साहित्यमा यस्तो प्रभाव र प्रयास जति ऐतिहासिक उपन्यास विधाबाट मात्र सफल हुनसक्छ, त्यति अन्य विद्याबाट सम्भव नहोला । यस्तै प्रयासस्वरूप व्यापक प्रभावले साहित्यमा गतिशील यथार्थवादको जन्म भएको हो ।

नेपाली ऐतिहासिक धरातलमा यथार्थवादी दृष्टि, सोच सम्पन्न उपन्यासकारको प्रतिनिधिपूर्ण उपस्थिति संख्यात्मक रूपमा अत्यन्त न्यून रहेको छ । पौराणिक कथनहरूमा आधारित धार्मिक, सामाजिक र प्रेम कहानीमा आधारित उपन्यास श्रृङ्खलालाई पृथक राखेर हेर्ने हो भने नेपालमा ऐतिहासिक उपन्यास लेखनको आरम्भ राणाकालीन युग र त्यस युगलाई लिएर पछाडि भएको देखिन्छ । राणाकालीन समयका घटनाक्रमहरूलाई आफ्नो सरल र सुन्दरमय भाषा शैलीको माध्यमद्वारा रोचकताको मालामा उनेर ऐतिहासिक उपन्यास लेख्नेहरूमा पं. टुकराज(पदमराज

मिश्र, डायमनशम्शेर राणा, सुन्दरप्रसाद शाह दुःखी र श्रीकृष्ण श्रेष्ठ नै अग्रपङ्क्तिमा रहेका प्रतिभा सम्पन्न साधक हुन् । लमजुङ तार्कुटारका टुकराज(पदमराज मिश्रले सह(लेखनको रूपमा पहिले पटक १९९६ सालमा रजबन्धकी र १९९९ मा रामकृष्ण कुवूर राणा शीर्षकमा ऐतिहासिक उपन्यास लेखेर आफ्नो प्रतिभाको परिचय दिएका हुन् । त्यसैले नेपाली साहित्यको गौरवमय धरोहरसँगै ऐतिहासिक उपन्यासका युग प्रवर्तकको श्रेय पनि टुकराज( पदमराज मिश्रलाई मिलेको छ । हुनत त्यसभन्दा पहिलो पनि संवत् १९९० सालमा प्रधानमन्त्री जुद्ध शम्शेरको शासनकालमा युगकवि सिद्धिचरण श्रेष्ठका पिताजी विष्णुचरणद्वारा १९९० सालमै नेपालमा पहिलो मौलिक उपन्यास 'सुमति' लेखिएको थियो । त्यसको अर्को वर्ष १९९१ सालमा सरदार रुद्रराज पाण्डेको 'रूपमती' उपन्यास पनि सार्वजनिक भयो । यो सामाजिक मौलिक उपन्यास हो ।

नेपाली भाषा र साहित्यको संस्थागत विकास र यसको श्रीवृद्धिमा शारदाकालीन पत्रिका प्रकाशनको महत्वपूर्ण भूमिका र योगदान रहेको छ । यसका साथै नेपाली भाषालाई उठाउने राणा शासकहरूमा प्रधानमन्त्री जुद्धशम्शेरको नाम पनि सहज रूपमा जोडिन्छ । उनको शासनकालको आरम्भसँगै १९९१ सालमा शारदा पत्रिका पनि साहित्यिक प्रकाशनको घर दैलोमा उभियो । सुमति र रूपमती यी दुवैखाले मौलिक उपन्यासले पनि तत्कालीन आफ्नो समाजको चित्रण प्रस्तुत गरेका छन् । यस दृष्टिबाट यी दुवै स्रष्टाको मौलिकता बेजोड छ । यी उपन्यास रचनाभित्र साहित्य उन्नतिको साथमा अन्य उद्देश्य पनि थिएन भन्न सकिन्न । तत्कालीन समय नै यस्तो थियो जसमा सुमति, रूपमती, प्रायश्चित र चम्पाकाजीभित्र पनि मानिसहरू छन् । नेपाली जनजीवन छ, तर मानिसलाई जुन रूपमा देखाउने प्रयत्न यी उपन्यासहरूमा गरिएको छ र उपन्यासको जुन स्वरूपको जग लेखकहरूले बसाले त्यो प्रारम्भिक अवस्था थियो ।

इतिहास स्वयंमा असल र खराब हुदैन, तर यसलाई प्रयोग गर्नेहरूको नियत र नियतिमा भर पर्दछ । त्यो युगमा नेपाली भाषा 'रजबन्धकी' जस्तो ऐतिहासिक उपन्यास लेख्नु भनेको टुकराज(पद्मराज मिश्रलाई सहज वातावरण थिएन । 'रजबन्धकी' उपन्यासको पहिलो प्रकाशन हुदा नेपालमा १९९७ सालको काण्ड घट्नेक्रम सिर्जनाभइसकेको थियो । यस्तो जोखिमपूर्ण अवस्थामा एउटा साधारण व्यक्तिले जल्दाबल्दा घटनावलीहरूलाई लिएर नेपालको इतिहासमा कहिल्यै देखा नपरेको 'रजबन्धकी' उपन्यासको प्रकाशनले तत्कालीन शासकहरूको मानसिकतामा कस्तो प्रभाव पर्ला ? यसले कुन रूप लिने हो ? भन्ने चिन्ताले लेखकमा त्रास सिर्जना नगरेको होइन । यो उपन्यास प्रकाशनबाट चन्द्रशम्शेर र भीमशम्शेरको पालामा घटेको मकैपर्व र लाइब्रेरी पर्व जस्तै जुद्ध शम्शेरको पालामा रजबन्धकीले पनि त्यही रूप लिने त होइन भन्ने गम्भीर प्रश्न आफ्नो ठाएँमा छँदै थियो । काल्पनिक कथनमा आधारित भएर लेखिएको रजबन्धकी उपन्यासले मकैपर्व जस्तो कारुणिक दुर्घटना सहनु भने परेन । नेपाली साहित्यमा पहिलो रजबन्धकी उपन्यासको सारवस्तु मुलुकलाई जनताको ऋणभार कसरी तिर्ने भन्ने रहेको छ । पं. टुकराज(पद्मराज मिश्रको दोस्रो सह(लेखन उपन्यास जंगबहादुरका पितामह 'रामकृष्ण कुवूर राणा' हो । रजबन्धकी पुस्तक सार्वजनिक भइसकेपछि नेपालका पराक्रमी वीरसपूत बहादुर शाहको बारेमा ऐतिहासिक उपन्यास लेख्ने योजना हुदाहुदै पनि राणाहरूको विरोधको कारण १९९९ सालमा 'रामकृष्ण कुवूर' मात्र राख्दा पनि राणाहरूको अनुरोधमा राणा शब्द थपियो । पृथ्वीनारायण शाहको सेनामा कार्यरत सरदार रामकृष्ण कुवूरले उपत्यका एकीकरण गर्नमा वीरतापूर्ण योगदान गरेका थिए । यस ऐतिहासिक उपन्यासमा रामकृष्ण कुवूरको वीरता र योगदानको बारेमा समीचीन वर्णन गरिएको छ भने पृथ्वीनारायण शाहले भादगाएँ विजय गर्दा रामकृष्ण कुवूर राणा पनि सँगै गाएको भन्ने विषयको मूल पृष्ठभूमिमा उपन्यास लेएिको छ ।

नेपाली साहित्यमा ऐतिहासिक उपन्यासको गौरवमय धरोहर साधक टुकराज मिश्रको पछिल्लो अत्यन्त मार्मिक र गहकिलो उपन्यास 'रिडिराँची हाँस्दै रुँदै' हो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा २०४८ मा प्रकाशित प्रस्तुत ग्रन्थले रिडी र राँचीलाई प्रतीकात्मक बिम्ब बनाएर राणाशाहीहरूको इतिवृत्तान्तलाई यथार्थपरक धरातलमा उभिएर रोचक प्रतिनिधित्व गरेको छ । जहाँनिया शासनका जन्मदाता जंगबहादुर कुवूर हुन् । उनैले तीस वर्षसम्म स्वेच्छाचारी शासन गरे भने रिडीराँचीको कायाकल्पले वीरशम्शेरदेखि मोहन शम्शेरसम्मका प्रधानमन्त्रीहरूको चित्रण गरेको छ । झण्डै ४५ वर्ष सरकारी सेवामा रहदा टुकराज मिश्रले चन्द्रशम्शेरदेखि मोहनशम्शेरसम्मको शासन कालसम्म २३ वर्ष बिताए । यिनै कटु अनुभव र अनुभूतिहरूलाई घटनाक्रमको खाकामा बाँधेर औपन्यासिक शैलीमा टुकराजले रिडीराँचीमा निर्भिकताकासाथ सत्यतथ्यको झाँकी प्रस्तुत गरेका छन् । ऐतिहासिक विषयवस्तुलाई साहित्य सिर्जना गर्ने माध्यमको रूपमा विगत ६ दशकदेखि निरन्तर भाषा, साहित्य, संस्कृति,

ऐतिहासिक र पुरातात्विक क्षेत्रमा चिन्तनशील रहदै आएका तपस्वी साहित्यकार टुकराज मिश्रका अघिल्ला दुई उपन्यास ‘रजबन्धकी’ र ‘रामकृष्ण कुवूर राणा‘ अहिले बजारमा भेटिंदैनन् ।

नेपालको ऐतिहासिक वस्तु तथ्यलाई दृष्टिगत गर्दा राणाकालीन जर्जर युगको दिग्दर्शन रिडिराँचीमा तत्कालीन दरवारिया संस्कार, संस्कृति, मान्यता र घटनावलीहरूको रोचक गाथाको राम्रो अनुभूति छ । तत्कालीन बोलीचालीको शुद्ध नेपाली भाषाको अत्यधिक प्रयोग गरिएको ‘रिडिराँची हाँस्दै रूदै’ विल्कुलै नवीनतम उपन्यास हो । राणा प्रधानमन्त्रीहरूको राजकाज शैलीलाई अत्यन्त नजिकबाट हेर्दै टुकराज मिश्रले तत्कालीन परिवेशमा प्रत्यक्ष(अप्रत्यक्ष नीतिका साथसाथै चालचलनबारे पनि बुझ्ने सुखद अवसरको परिकल्पनामा रिडीराँची उपन्यासको निर्माण गरेका हुन् । यस उपन्यासमा एक शताब्दीसम्म स्वेच्छाचारी शासनकालमा केही लेखिएका केही नलेखिएका अनेकन घटनावलीका तप्काहरूलाई व्यापक रूपमा समेटिएको छ । संस्मरण, जीवनी र इतिहासपरक दृष्टिकोणको संयोजन रिडीराँचीले राणाकालीन युगका कतिपय रोचक र अन्तररङ्गलाई बौद्धिक जनसमक्ष ल्याएर टुकराज मिश्रले नेपाली समाज, राष्ट्र र साहित्यिक फाँटमा सराहनीय योगदान गरेका छन् ।

अन्ततोगत्वा, राणा प्रधानमन्त्रीहरूमध्ये देवशम्शेर र पद्मशम्शेर प्रजातन्त्रवादी र सुधारवादी शासक थिए । देवशम्शेर प्रधानमन्त्री बनेपछि उनले समाजमा सुधार ल्याउन धेरै राम्रा कार्यहरूको थालनी गरे । उनले सत्ता समालेको तीन महिना पुग्न नपाएँदै चन्द्रशम्शेर र भीमशम्शेरले टिक्न दिएनन् भने पद्मशम्शेरलाई मोहनशम्शेर र बबरशम्शेरले षडयन्त्रबाट पदच्युत गरे । देवशम्शेरले प्रधानमन्त्रीको पदभार ग्रहण गरेपछि सत्रभाइ राणाहरूसहितको एक विद्वत् समारोहमा पार्लियामेण्टवोर्ड गठन, भाषा पाठशालाको उद्घाटन र नारीवर्गलाई बढी स्वतन्त्रता दिनुका साथै मुलुकलाई जापानको दाँजोमा पुर्‍याउने योजनाको घोषणा गरेको लगत्तै देवशमशेरप्रति षडयन्त्र हुन थाल्यो, जसको कारण उनी टिक्नसक्ने अवस्था रहेन । देवशम्शेरलाई सत्ताच्युत गरी सत्ता हत्याउने भीमशम्शेरले घाँटीमा बन्दुको नाल तेर्साएँदै धनकुटा जाने कि गोली खाने शब्दवाणले जनतालाई पार्लियामेण्ट बोर्ड दिन खोज्दा देवशम्शेर रूदैरूदै धनकुटा हूदै प्रवास पलायन हुनुपर्‍यो भने पद्मशम्शेरले म राष्ट्रको नोकर हू’ भन्दा मोहनशम्शेरले कसरी सत्ताच्युत गरे । यी यावत मार्मिक पक्षलाई उपन्यासकार मिश्रले मिठो भाषा शैलीमा रिडीराँचीमा उजागर गरेका छन् । षडयन्त्रबाट पदच्युत गरिएका पद्मशम्शेरले मध्यरातमा प्रधानमन्त्री पदवी मोहनशम्शेरलाई हस्तान्तरण गरेपछि पद्मशम्शेरको दरबारमा रुवाबासी शुरु भयो । तत्कालै दरबारमा अनेकन कुराहरू हूदै थिए, अचानक पद्मशम्शेर सवारी भएको सङ्केत आयो । महाराजलाई दर्शन गर्न लाम लागेर उपस्थित भई रमिता हेर्ने मानिसहरूको भीड उत्साहजनक थियो । तिनै रमिता हेर्नेका बीच मोटरसाइकल अघिअघि र पछिपछि महाराज पद्मशम्शेर चढेको मोटर गयो, कतिले महाराजाको जय नारा लगाए भने कतिले बलिन्द्र आँसुका धारा बगाए । अत्यन्त दुःखका साथ आफ्नो जन्मभूमि काठमाडौं सदासदाका लागि त्यागेर पद्मशम्शेर रिडीराँची गए । आफ्नो जीवनभर पाएको प्रधानमन्त्रीको झल(झलाएँदो पगरी छोडेर रूदैरूदै पद्मशम्शेर गए र जनता जनार्दन दुःखद अनुभव गर्दै घर फर्के । उपन्यासकार टुकराज मिश्रको परिश्रमपूर्ण बौद्धिक उपज रिडीराँचीको मार्मिक सन्देश पनि यही नै हो ।

नेपाली ऐतिहासिक उपन्यास लेखन यात्रामा टुकराज(पद्मराज मिश्र पश्चात् प्रख्यात उपन्यासकार डायमनशम्शेर राणा यस क्षेत्रका शिखर पुरुष हुन् । यद्यपि उनको ऐतिहासिक उपन्यास लेखन कलामा रहेको बेजोड योगदानको तुलना उनका अग्रज र समकालीनहरूसँग गर्न सम्भव छैन । नेपाली उपन्यास विधामा उनको महत्वपूर्ण योगदान रहूदै आएको छ । त्यसैले डायमनशम्शेर राणा औपन्यासिक फाँटमा डायमन नै हुन् । डायमनशम्शेर एक निष्ठावान् उपन्यासकार पनि हुन् । सामाजिक जीवनमा मानिसहरूको अन्तर सम्बन्ध केलाउन र घटनाक्रमहरूको सोलोडोलो भित्र तानावाना बुन्न राणा खप्पिस छन् । विगत पाँच दशकदेखि ऐतिहासिक उपन्यास लेखनमा एकाधिकार नै कायम राख्दै आएका डायमनशम्शेरको सिर्जनाशक्ति बेजोड छ । सीमित ग्रन्थ निर्माणबाट गहन अभिव्यक्तिभित्र सिंगो नेपाली परिवेश प्रतिविम्बित गर्नमा साहित्यकार राणा अग्रज हस्तीकै कोटीमा पर्दछन् । डायमनशम्शेर राणा उपन्यासकारको रूपमा आफ्ना कोटिकोटि अध्येता र पाठकहरूको मन मन्दिरमा चम्किने मोती पनि हुन् । उपन्यासकार राणा ऐतिहासिक घटनाप्रधान र रोमाञ्चकारी फाँटमा शिल्पी साधक राणाका ६ वटा अत्यन्त गहन ऐतिहासिक ग्रन्थहरू देश(देशान्तरमा सार्वजनिक भएका छन् । प्रखर कलमजीवी क्रान्तिको विचार सम्प्रेषणमा गर्विलो शब्दशिल्पी मात्र हैन, शब्दसंयोजन, सन्तुलित एवं बृहतकार्य सिर्जन वृतान्तका सर्जक डायमनशम्शेर आफैंमा राणाकालीन इतिहास हुन् । डायमनशम्शेर राणाकालीन इतिहास आलेखका तथ्यगत

प्रमाणका अध्येताका साथै सफल प्रयोगकर्ता पनि हुन् । पाल्पामा जन्मेर ललितपुर पुलचोकमा आफ्नो स्थायी बसोबास गर्दै आएका ८२ वर्षीय साधक डायमनशम्शेर राणाका प्रकाशित ऐतिहासिक उपन्यासहरू वसन्ती सेतो बाघ, सतप्रयास, प्रतिबद्ध, अनिता र धनको धब्बा हुन् । आफ्नो मौलिक र नितान्त पृथक पृष्ठभूमि निर्माण गर्न सफल डायमनशम्शेरको पहिलो ऐतिहासिक उपन्यास वसन्ती २००५ सालमा काशीबाट प्रकाशित भएको हो । वसन्ती उपन्यास आफ्नै वंशज तत्कालीन राणा शासकहरूलाई जिस्क्याउन मन लागेर २००२ सालमा चर्चित ग्रन्थ लेखेको कुरा डायमनशम्शेर बताएँछन् । वसन्ती एक सामाजिक र ऐतिहासिक उपन्यास हो । यस उपन्यासले नेपाली जीवनको सत्यतालाई पनि उद्घाटन गरेको छ ।

ऐतिहासिक उपन्यासका साथसाथै नेपालको प्रजातान्त्रिक आन्दोलनमा समेत अग्रणी भूमिका निर्वाह गरेका डायमनशम्शेरको जीवन राणाकालमा साह्रै सुखमय र रोमाञ्चले भरिपूर्ण थियो । एकातिर डायमन पारिवारिक कारणले सेनाका अधिकारी थिए भने अर्कोतर्फ उनको मित्रता तत्कालीन समयका सबैभन्दा धनाढ्य मानिने जर्नेल मदनशम्शेर जबरासँग थियो । त्यसो हुदा डायमनशम्शेरको जीवनमा पनि फाँसीको धम्की र कमाण्डरको प्रस्ताव आउने गर्थे, जुन सत्यतथ्यलाई स्वीकार गर्दा ०९७ सालको शहीद पर्वको कारुणिक वेदनाको पीडाबोध उनीमा पनि पर्न गयो । तथापि आम पाठकहरूको रुचिका दृष्टिकोणबाट र ऐतिहासिक विषयवस्तुका श्रृङ्खलाले पनि वसन्तीलाई आत्मसात गरेको छ । वसन्ती दीर्घकालीन सामन्ती राणा शासनको परिणाम पनि हो । इतिहामा घटेका सबैखालै घटनाक्रमहरूले एउटै स्तरको महत्व कायम राख्न सकेका हुदैनन् । इतिहासको कालखण्डहरमा केही तथ्य दोहोरिन्छ, तर सबै भने दोहोरिन्न । इतिहासको एक चर्चित पात्र गगनसिंहको हत्या जंगबहादुर राणाको हातबाट भएको थिएन भन्नु वसन्ती उपन्यासको उद्देश्य हो । तत्कालीन नेपालको राजनीतिक परिस्थितिमा जंगबहादुरले कसरी मौका छोपे ? कोतपर्वद्वारा आफ्नो उन्नति कसरी गरे भन्ने तथ्य उपन्यासमा अत्यन्त कुसलतापूर्वक प्रस्तुत गरिएको छ । वसन्तीलाई निमित्त बनाएँदै जंगबहादुरको उदय र त्यसको कारण देखाइएको छ । दरबारिया जीवनको विषयमा लेखिएको पहिलो उपन्यास हुनाले वसन्तीको आफ्नै ऐतिहासिक महत्व छ । यस बारेमा उपन्यासकार डायमनशम्शेरको जति प्रशंसा गरे पनि कमै हुन्छ ।

नेपाली उपन्यास विधामा गरिमामय योगदान पुऱ्याएका डायमनशम्शेर राणाका बहुचर्चित ऐतिहासिक उपन्यासहरूमध्ये वसन्ती र सेतो बाघ लोकप्रियताको शिखरमा रहेको तथ्य सबै विज्ञ वर्गमा सर्वविदितै छ । वसन्तीले नेपाली र हिन्दी साहित्यमा विशिष्ट स्थान पाएको छ भने सेतो बाघले विश्वका प्रमुख भाषा अंग्रेजी, जापानी, फ्रेन्च र जर्मनीमा समेत अनुवाद भै विश्वमै ख्याति कमाइरहेको छ । जसबाट नेपाली साहित्य पनि विश्व साहित्यसामु परिचित हुनपुगेको छ । उपन्यासकार डायमन शम्शेर राणाको जीवन अथाह खुसी र भयावह पीडाहरूले भरिएको छ भने २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् ६ वर्षसम्म अन्य राजनीतिक नेतासरह नख्खुजेलमा बस्दा उनले सेतो बाघ उपन्यास लेखे ।

इतिहाससम्बद्ध उपन्यास लेखनको च्ोत्रमा औंलामा गन्न सकिने केही स्रष्टाहरूमध्ये उपन्यासकार सुन्दरप्रसाद शाह दुःखी अग्र पङ्क्तिमा पर्दछन् । राष्ट्रको विशिष्ट पदहरूमा रहेर कार्य गर्ने अवसर प्राप्त गरेका शाहले निर्बाध रूपले साहित्यिक सेवा गर्ने उपयुक्त समय नभए पनि नेपाली साहित्यमा केही गहकिला ग्रन्थहरू लेखेका छन् । नेपाली साहित्यमा ऐतिहासिक नाटक र उपन्यास लेखन यात्रामा विशिष्टता प्राप्त गरेका शाहका सात वटा पुस्तकहरू सार्वजनिक छन् । लेखनमा संख्यात्मकता भन्दा गुणात्मकतालाई बढी महत्व दिने सुन्दरप्रसाद शाह २००९ सालमा ‘कविता कामना’ लिएर साहित्य फाँटमा देखापरेपछि २०५५ सम्म आइपुग्दा ‘झ्यागल गुरुङ र अन्धविश्वास’ ऐतिहासिक नाटक तथा कालो बादल कहानीका साथै प्रतिवाद, त्रिफट्, बहादुर शाह र कान्तवती ऐतिहासिक उपन्यासका पुस्तकहरू रहेका छन् । यी उपयुक्त पुस्तकहरूमध्ये सबैले अत्यधिक मन पराएको ग्रन्थ २०५२ सालमा सार्वजनिक भएको ऐतिहासिक उपन्यास ‘बहादुर शाह’ चर्चाको शिखरमा रहेको छ । यस उपन्यासले पृथ्वीनारायण शाहको निधनदेखि सिंहप्रताप शाह, बहादुर शाह हुदै रणबहादुर शाह र राजेन्द्रलक्ष्मीसम्मका घटनाक्रमका श्रृङ्खलाहरूलाई सुन्दर शैलीमा प्रस्तुत गरिएको छ । उपन्यास ऐतिहासिक भइकन पनि घटनाहरको सत्य तथ्यमा आधारित छ । सर्वसाधारण र पाठकवर्गले मन पराई र रुचाई दिएमा साहित्यिक जगतमा एउटै कृति पनि अमर र अजर भइदिन्छ भन्ने तथ्य उनको ‘बहादुर शाह’ उपन्यासले पुष्टि गरेको छ । सुन्दरप्रसाद शाह उपन्यासका कथावस्तु इतिहासबाट निकाल्न खप्पिस छन् भने उनका उपन्यासका कथावस्तु इतिहाससँग सन्निकट रहे पनि प्रस्तुति चाहिं इतिहाससँग नजिक छ । उपन्यासकार शाहले नेपालको इतिहासमा शाहवंशीय इतिहासका

बारेमा गहन अध्ययन गरेका छन् । धेरै अनुभव पनि बटुलेका छन् । यसै पृष्ठभूमिमा चर्चित 'बहादुर शाह' उपन्यास एउटा महत्वपूर्ण उपलब्धि हो ।

नेपालको राज्यसत्ता सञ्चालनको खातिर प्रधानमन्त्री जंगबहादुर राणा अत्यन्त चतुर र महत्वाकाङ्क्षी शासकको रूपमा इतिहासले स्थापित गरेको छ । तत्कालीन घटनाक्रम  उनको जीवनी वृत्तान्तको बारेमा देश विदेशका पाठकवर्गहरूले ऐतिहासिक उपन्यासको रूपमा पढ्न पाउनु एक सुखद संयोग पनि हो । हाम्रा पाठक र अध्येताहरूबीच रहेको यो धोको उपन्यासकार श्रीकृष्ण श्रेष्ठले ऐतिहासिक उपन्यास जंगबहादुर लेखेर पूरा गरिदिएका छन् । जलप्रविधि तथा रसायन शास्त्रमा उच्च शिक्षा प्राप्त गरेका एक प्राविधिज्ञ श्रीकृष्ण श्रेष्ठले २०५२ सालमा जंगबहादुर जस्तो रोचक र पठनीय उपन्यास लेखेर नेपाली साहित्यको सेवा गरेका छन् । आजभन्दा एकसय पचास वर्ष अघि सयौं भारदारहरू मारिएको कोतपर्व भएकै स्थल हनुमानढोका टोल निवासी श्रीकृष्ण श्रेष्ठद्वारा लिपिबद्ध जंगबहादुर उपन्यास जो कोहीको लागि पनि साह्रै नै मनपर्ने सामग्री हो । एक महिनाभित्रै दुईवटा संस्करण प्रकाशित भएर छ हजार प्रतिहरू हाताहात बिक्री हुनु भनेको सामान्य कुरा होइन । जंगबहादुर उपन्यासको विशेषता के भने इतिहासकारहरू बीच आजसम्म विवादमा रहेको तथ्यलाई पनि निरुपण गर्दै लेखकले ठोकेर यस्तै हो भनेका छन् । यति मिठो गद्य शैलीमा सरल र सरस तरिकाबाट प्रस्तुत उपन्यासबारे सामान्य इतिहासविद्ले भन्न सक्ने कुरा होइन । कोतपर्व जस्तो ऐतिहासिक घटना हुदा र गगनसिंहलाई गोली ठोकेर हत्या गर्दा लेखक नै त्यहीं भएजस्तो भान उपन्यास पढ्दा अनुभूति हुन्छ । त्यसैले उपन्यासकार श्रीकृष्ण श्रेष्ठले यति गहन रूपमा इतिहासको व्याख्या गरेका छन् जुन व्याख्या शैली र प्रस्तुतिले डायमनशम्शेरको वसन्ती र सेतो बाघलाई पनि माथ गरेको छ । यी तीनवटै, उपन्याससँगै राखेर अध्ययन गरेमा सत्यतथ्यको ऊर्जा तयार हुन्छ  ।

वसन्ती उपन्यासमा गगनसिंहको हत्या जंगबहादुरको हातबाट भएको हैन भनिएको छ भने यस उपन्यासमा जंगबहादुरबाटै भएको तथ्यलाई यसरी पुष्टि गरिएको छ( आफ्नो छातीबाट रगतको भल बगेको देखेर अभिमानसिंहले आफू अन्तिम अवस्थामा पुगेको चाल पाएँ । लडखडाएँदै त्यही भित्ताको सहारा लिए । छातीमा हात राखे, रगतको भल थाम्ने प्रयास गरे, तर प्रत्येक क्षण आफू डुब्दै गएको महसुस भएपछि आफ्नै रगतले मुछिएको हातले भित्तामा छाप लगाएँ । रक्तरञ्जित हातले भित्तामा छाप लगाएँदै सबैले सुन्ने गरी उनी जोडले कराए, चिच्याए, भारदारहरू हो( गगनसिंहको हत्यारा जंगबहादुर हो, हत्यारा जंग(ब(हा(दु(र हो । यही थियो जर्नेल अभिमानसिंह रानाको अन्तिम शब्दसँगै उनले प्राणत्याग पनि गरे, जुन यस उपन्यासको पठनीय र रोचक पक्ष हो ।

ऐतिहासिक लेखक यात्रामा चर्चित साहित्यकार र इतिहासकार वासुपासा पनि यस क्षेत्रका अध्येता हुन् । सामान्यतः तीन प्राचीन राज्य कान्तिपुर, कीर्तिपुर र भादगाएँ बारेका सम्बन्धमा ऐतिहासक ग्रन्थ लेखेर चर्चाको काबूलमा रहने वासुवापासाले नेपाली र नेपाल भाषामा गरी एक दर्जन भन्दा बढी पुस्तकहरू सार्वजनिक गरेका छन् । इतिहासका विषयमा गरिएको औपन्यासिक प्रस्तुतिले यस तथ्यलाई परिचित गराएको छ । उनका उपन्यासमा औपन्यासिक स्तरीय भाषा शैली प्रयोग गरिएबाट विशेषतः कान्तिपुर, भादगाएँ र कीर्तिपुरभित्र ऐतिहासिक संयोग रहेको छ । यस्तै, अत्यन्त रोचक र चमत्कारीपूर्ण भाषाशैली प्रयोग गरी एस.पी. आसाले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको आत्मकहानीलाई लिएर ऐतिहासिक उपन्यासका बारेमा आलेख लेखेका छन् । चार वर्ष अघि २०५३ सालमा आजको समाचार दैनिकमा उनले धारावाहिक रूपमा पृथ्वीनारायण शाहको आत्मकहानी प्रकाशित गरेका थिए । वस्तुवादी शैलीमा प्रस्तुत ती दर्जनौ आलेखहरूमा पृथ्वीनारायण शाहको काशीयात्रा वर्णन, नुवाकोट र उपत्यका बिजयको घटनाक्रमहरू, वाइसी चौवीसी राज्यहरूसँगको सम्बन्ध एवं गोरखा दरबारको तत्कालीन परिवेश बारेमा आफ्नै आँखाले देखे जस्तै गरी अत्यन्त सरल, सरस र शालीन भाषाशैली प्रस्तुतिले एस. पी. आसालाई ऐतिहासिक उपन्यासकारको कोटीमा पुऱ्याएको छ ।

नेपाली साहित्यिक फाँटमा आफ्नै स्तरको परिचयात्मक शैली ध्वनित प्रस्तुत गर्ने अन्य केही साहित्यकारहरूले ऐतिहासिक उपन्यास लेखन यात्रामा गहन भूमिका निभाएका छन् । उपन्यासकार धनुषचन्द्र गोतामेको 'घामका पाइलाहरू'लाई पनि ऐतिहासिक उपन्यासकै खाकाभित्र लिइन्छ । ऐतिहासिक विषयवस्तुको देशभक्ति स्वरगर्भित यस उपन्यासले राणा प्रधानमन्त्री चन्द्रशम्शेरको शासनकालमा नेपालमा पहिलो पटक प्रारम्भ गरिएको

वीरगञ्जदेखि अमलेखगञ्जसम्मको रेलयात्रा निर्माणलाई नै मुख्य विषयवस्तु बनाएको छ । प्रस्तुत उपन्यासले तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेर राणाको चरित्र विशेषको गुणका साथै विकासप्रतिको चाहना उद्देश्यलाई पनि इतिहासमा मूल्याङ्कन गरिएको छ । यसरी नै प्रवासका साहित्यकार इन्द्रबहादुर राईको 'आज रमिता छ' उपन्यासले पनि दार्जिलिङ्गको नेपाली जीवनको कथालाई आत्मसात गरेको छ भने साजशास्त्री एवं इतिहासकार डोरबहादुर विष्टको 'सोताला' एउटा अर्ध ऐतिहासिक उपन्यास हो । यसले नेपाल र तिब्बतको बीचको व्यापारबाट नेपाल र नेपालीलाई प्राप्त भइरहेको लाभका साथसाथै त्यसपछि अङ्ग्रेज सरकारको नकारात्मक दृष्टि आदिका बारेमा यथार्थ चित्रण प्रस्तुत गरिएको छ भने अङ्ग्रेज साहित्यकार दौलतविक्रम विष्टको 'एक पालुवा अनेकौं याम'ले नेपाली इतिहासलाई समेटेको छ । उपन्यास आफैंमा रोमाञ्चकारी त छँदै छ तापनि सत्यको निकै नजिकका घटनाहरूको संयोग नै उपन्यास हो । यसरी नै परशु प्रधानको 'सबै बिर्सिएका अनुहारहरूले आफ्नो जन्मथलो भोजपुरको नेपाली जीवनको तस्वीर प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यको औपन्यासिक विधामा ऐतिहासिक उपन्यासको महत्व र चाख समाजमा दिनप्रतिदिन बढ्दो छ । इतिहासलाई नै विषय, कथावस्तु बनाएर ऐतिहासिक उपन्यास लेख्ने स्रष्टाहरूको कमी अझै पनि नेपाली साहित्यमा विद्यमान छँदैछ । राणाकालीन इतिहासको केही पाटोलाई लिएर साहित्यिक उपन्यास लेखिएको छ भने नेपालको एकीकरण युगदेखि वर्तमान परिवेशसम्मलाई समेट्ने स्तरमा ऐतिहासिक उपन्यास लेखिएको छैन । ऐतिहासिक उपन्यासका पुस्तकहरूले समाजमा अत्यन्त राम्रो प्रभाव पारेको सन्दर्भमा उपन्यासकार वा इतिहासकार भन्ने विभेदलाई समेट्दै र चिर्दै यस क्षेत्रका सीमित स्रष्टाहरू टुकराज(पद्मराज मिश्र, डायमनशम्शेर राणा, सुन्दरप्रसाद शाह दुःखी, वासुपासा र श्रीकृष्ण श्रेष्ठ जस्ता ऐतिहासिक उपन्यासकारहरूको हाराहारीमा आजको नयाँ पुस्ता अगाडि आउन सकेको छैन । त्यसैले, ऐतिहासिक पृष्ठभूमिमा लेखिएको सामाजिक उपन्यास सेतो बाघले मात्र होइन नेपाली जनजीवनको वास्तविक कोलाहललाई लिएर लेखिएको सामाजिक उपन्यास बसाईंबाट समाजमा परेको सकारात्मक एवं गहिरो प्रभावलाई भने नकार्न